# आ.व. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

सभाध्यक्ष महोदय,

१. तारकेश्वर नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले सम्मानित नगर सभालाई तेस्रो पटक सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएकी छु । तारकेश्वर नगरपालिकाको यस गरिमामय तेह्रौं नगरसभामा आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेटमा उपस्थित हुनुहुने

सभाध्यक्ष तथा नगर प्रमुख श्री कृष्ण हरि महर्जन ज्यू,

आदरणीय प्रमुख अतिथि संघीय संसद प्रतिनिधि सभा सदस्य माननीय एवं पूर्व शिक्षा मन्त्री श्री शिशिर खनाल ज्यू,

विशेष अतिथि संघीय संसद प्रतिनिधि सभा सदस्य माननीय गणेश पराजुली ज्यू,

विशेष अतिथि संविधान सभा सदस्य एवं पूर्व रक्षा मन्त्री श्री भीमसेनदाश प्रधान ज्यू,

विशेष अतिथि संविधान सभा सदस्य एवं पूर्व शहरी विकास राज्यमन्त्री श्री रामवीर मानन्धर ज्यू,

अतिथि बागमती सभा प्रदेश सभा सदस्य माननीय श्री अमन मास्के ज्यू,

अतिथि बागमती सभा प्रदेश सभा सदस्य माननीय श्री हरिप्रभा खड्गी ज्यू,

अतिथि बागमती सभा प्रदेश सभा सदस्य माननीय श्री प्रकाश श्रेष्ठ ज्यू,

अतिथि पूर्व बागमती सभा प्रदेश सभा सदस्य श्री  योगेन्द्र संग्रौला ज्यू,

अतिथि काठमाडौ जिल्ला समन्वय समिति प्रमुख श्री सन्तोष बुढाथोकी ज्यू,

अतिथि सर्वोच्च अदालतका पूर्व न्यायाधीश तथा राष्ट्रिय न्यायीक प्रतिष्ठानका कार्यकारी निर्देशक माननीय श्री वैद्यनाथ उपाध्याय ज्यू

अतिथि उच्च अदालत पाटनका न्यायाधीश तथा राष्ट्रिय न्यायीक प्रतिष्ठानका फ्याकल्टी माननीय श्री टेकनारायण कुवँर ज्यू,

अतिथि काठमाडौं जिल्ला अदालतका न्ययाधीश तथा राष्ट्रिय न्यायीक प्रतिष्ठानका फ्याकल्टी माननीय श्री डा. रमेश रिजाल ज्यू,

अतिथि श्री काठमाडौ जिल्ला समन्वय समितिको उप-प्रमुख श्री शान्ती पाण्डे ज्यू,

अतिथि काठमाडौं जिल्लाको प्रमुख जिल्ला अधिकारी श्रीमान घनश्याम उपाध्याय ज्यू,

अतिथि तारकेश्वर नगरपालिकाका पूर्व नगर प्रमुख श्री रामेश्वर बोहरा ज्यू,

अतिथि तारकेश्वर नगरपालिकाका पूर्व नगर उप-प्रमुख श्री भवानी डोटेल धिताल ज्यू,

अतिथि तारकेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा.कृष्णबहादुर घिमिरे ज्यू,

अतिथि काठमाडौ जिल्ला समन्वय समितिका समन्वय अधिकारी श्री राजेन्द्र बहादुर अर्याल ज्यू,

अतिथि राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालका निर्देशक श्री पारस पौडेल ज्यू,

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु

**अतिथिका रुपमा पाल्नुहुने**

नेपाल सरकारका पूर्व सह-सचिव श्री केदार बोगटी ज्यू,

प्रहरी वृत्त बालाजुका कार्यालय प्रमुख, श्री मनोजीत कुवँर ज्यू,

नेपाल विद्युत प्राधिकरण बालाजु वितरण केन्द्र प्रमुख श्री जयकुमार यादव ज्यू,

नेपाली कांग्रेस क्षेत्र नं. ६ का क्षेत्रीय सभापति श्री श्यामकृष्ण खड्गी ज्यू,

नेपाली कांग्रेस क्षेत्र नं. ७ का क्षेत्रीय सभापति श्री मुकुन्द रिजाल ज्यू,

नेपाली कांग्रेस क्षेत्र नं. ६ ख का प्रदेश सभापति श्री विष्णुभक्त तिमिल्सिना ज्यू,

नेपाली कांग्रेस क्षेत्र नं. ७ ख का प्रदेश सभापति श्री वासुदेव लामा ज्यू,

ने.क.पा. एमाले नगर कमिटी अध्यक्ष श्री वासु प्रसाद गौतम ज्यू,

ने.क.पा. माओवादी केन्द्र नगर कमिटी अध्यक्ष श्री जगन्नाथ राजवाहक ज्यू,

रा.प्र.पा. नगर समिति अध्यक्ष श्री बसन्त कुमार वस्नेत ज्यू,

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि ज्यू,

ने.क.पा. एकीकृत समाजवादीका नगर कमिटी अध्यक्ष श्री नारायण कुमार श्रेष्ठ ज्यू

ज.स.पा.का नगर अध्यक्ष श्री बाबुराम लामा ज्यू,

ने.म.कि.पा. नगर कमिटी अध्यक्ष श्री श्रीकुमार महर्जन ज्यू,

विवेकशील साझा पार्टीका प्रमुख श्री अजित खड्का ज्यू,

नेपाल कम्युनिष्ट पार्टीका प्रमुख श्री कृष्ण हरि भट्ट ज्यू,

साथै प्राज्ञिक, बौद्धिक तथा समाजसेवी व्यक्तित्वहरु, सुरक्षाकर्मी साथीहरु, पत्रकार मित्रहरु, विभिन्न पदीय दायित्व वहन गर्नुभएका राष्ट्रसेवक कर्मचारी साथीहरु तथा विभिन्न क्षेत्रवाट पाल्नुभएका महानुभावहरु, आज यस सम्मानित नगर सभामा सम्मानित हुनुहुने महानुभावहरु साथै सम्पूर्ण नगर वासीहरुमा हार्दिक स्वागत गर्दछु ।

संघीय संसद प्रतिनिधि सभा तथा प्रदेश सभामा निर्वाचित हुनुहुने माननीय सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु र देशको बृहत्तर हितमा समर्पित रहँदै समृद्ब र समतामूलक नेपाल निर्माणको सङ्कल्प पूरा गर्न यहाँहरुको कार्यकाल सफल रहोस भनी शुभकामना ब्यक्त गर्दछु ।

२. मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र, संघीयता, स्वतन्त्रता तथा शान्ति र सम्वृद्धिका लागि आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयको अभियानमा नेतृत्व प्रदान गर्नुहुने हाम्रा वीरपुर्खा तथा अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहान्छु ।

सभाध्यक्ष महोदय,

३. वर्तमान स्थानीय सरकार गठनसँगै यस सम्मानित नगर सभामा सरकारको गतिविधि र उपलब्धिको प्रतिवेदन नियमित रुपमा प्रस्तुत गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । तारकेश्वर

नगरपालिकाले लिएका नीतिगत तथा अन्य सुधारात्मक उपायको परिणाम स्वरुप सवै विषयगत क्षेत्रहरुमा सकारात्मक नतिजा देखिन थालेको छ । तारकेश्वर नगरपालिकाको दोस्रो कार्यकालको प्रथम वर्षमा प्राप्त उपलब्धिहरु उत्साहजनक रहेको महसुस गरेका छौं । आर्थिक, सामाजिक, रुपान्तरणमा तिव्रता आउनुको साथै विकास निर्माणले गति लिन थालेको छ ।

४. तारकेश्वर नगरपालिकाको दोस्रो कार्यकालको सरकार गठन भएपछिको पहिलो कार्यपालिका **बैठकले शुद्ध पानी सहितको एक घर एक धारा, करको दर घटाउने दायरा बढाउने र शिक्षा, स्वास्थ्य लगायतका सामाजिक** विकासको क्षेत्रलाई परिणाम देखिने गरी कार्यान्वयन गर्ने सङ्कल्पका साथ दूरगामी महत्त्वको निर्णय गरेको थियो । यो निर्णय कार्यान्वयन हुन थालेपछि नगरवासीको भरोसा र जागरुकता बढेको छ । नगरवासीको भरोसा र जागरुकताका कारण थप उत्साहित भएको छु । आगामी दिनमा निरन्तर नगरवासीको सेवामा लागिरहने विशवास दिलाउन चाहान्छु । स्थानीय सरकारलाई नगरवासीको अभूतपूर्व साथ र सहयोग प्राप्त भएको छ । दृढ इच्छाशक्ति र सङ्कल्प भयो भने सबै प्रकारका विकृतिलाई नियन्त्रण गर्ने शक्ति लोकतन्त्र भित्रै छ भन्ने प्रमाण तारकेश्वर नगरपालिकाले आगामी दिनमा अझै विश्वसनीय ढङ्गले स्थापित गर्नेछ । सुशासनमा कुनै सम्झौता हुने छैन ।

५. अब म आगामी आ.व. २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट निर्माणका आधार र प्राथमिकतालाई प्रस्तुत गर्ने अनुमति चाहन्छु । तारकेश्वर नगरपालिकाको आ.व.२०८०।०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त र नीति, नेपाल सरकार तथा बागमती प्रदेश सरकारले अंगिकार गरेको समष्टिगत आर्थिक नीति, पन्ध्रौं राष्ट्रिय योजना, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८, तारकेश्वर नगरपालिकाको कार्य विभाजन नियमावली, २०७४,

तारकेश्वर नगरकार्यपालिकाको कार्यसम्पादन नियमावली, २०७४, नगरपालिकाको विभिन्न विषयगत समितिहरुको निर्णय, राजश्व परामर्श समितिको निर्णय, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय र राजनीतिक दल, उद्योगी, व्यवसायी लगायत नीजि क्षेत्र र नागरिक समाजको सुझाव, नगरवासीको विकासको चाहना, नगरकार्यपालिकाले यस आर्थिक वर्षमा अवलम्वन गरेको नीतिका आधारमा सहभागितामुलक योजना तर्जुमा पद्धति अबलम्बन गरी यो नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ।

६. आगामी वर्ष २०८०।०८१ मा सञ्चालन गरिने आयोजनाहरुको प्राथमिकीकरण देहाय बमोजिम गरिएको छ।

१. शुद्ध खानेपानी सहितको एक घर एक धाराको नीतिलाई निरन्तरता दिईनेछ।

२. करको दर घटाउने दायरा बढाउने नीतिलाई निरन्तरता दिईनेछ।

३. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गरी प्राविधिक शिक्षालाई जोड दिदैं थप शैक्षिक गुणस्तर ल्याउनका लागि संस्थागत विद्यालयहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

४. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरणका लागि योगदान पुर्याईनेछ।

५. नगरवासीको स्वास्थ्यलाई विशेष ध्यान दिई स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।

६. नगरपालिकाको न्याय निरुपणको कार्यलाई सरल, सहज र चुस्त दुरुस्त बनाईनेछ।

७. नगर क्षेत्र भित्रमा रहेका सरकारी, सार्वजनिक, पर्ति जग्गाहरुको संरक्षण गरिनेछ।

८. विपद् संवेदनशील पूर्वाधार निर्माणमा जोड दिईनेछ।

९. दिगो विकास, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा जोड दिईनेछ।

१०. ऐतिहासिक एवम, मौलिक पुरातत्त्विक सम्पदाको संरक्षण, धार्मिक, पर्या-पर्यटन क्षेत्र प्रवर्द्धनमा जोड दिईनेछ।

११. कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण गर्न योगदान पुर्याईनेछ।

१२. स्थानीय रोजगारका अवसरहरु सिर्जना गर्न निजी क्षेत्रहरुसँग सहकार्य गर्ने र श्रमिक सहायता कक्षको स्थापना गरी आर्थिक विकास तथा गरीबी न्यूनीकरणमा जोड दिईनेछ।

१३. विद्युतीय सेवा प्रवाह प्रणालीलाई थप सुदृढ गर्दै संस्थागत विकास र सुशासनमा योगदान पुर्याईनेछ।

१४. लैंगिक समानता, अपाङ्गतामैत्री र सामाजिक समावेशीकरणमा योगदान पुर्याईनेछ।

७. चालु आ.व. २०७९।०८० मा हालसम्म चालु तर्फ ६३ प्रतिशत, पूँजीगत तर्फ ४७.६४ प्रतिशत तथा कुल बजेटमा ५५.३२ प्रतिशत प्रगति भएको छ। आगामी आर्थिक वर्ष २०८०।०८१ मा समयमै पूँजीगत खर्च शत-प्रतिशत हुने गरी योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ।

**खानेपानीः**

८. नगरपालिकाभित्र देखिएको खानेपानीको अभावलाई न्यूनीकरण गर्न तारकेश्वर नगरपालिकामा रहेका मुहान संरक्षण (अधेंरी खोला, अल्ले मुहान, भण्डारे मुहान, बौडु मुहान र थप अन्य मुहानहरु) गर्ने, मुहानहरुबाट पानी संकलन गर्न बृहत ट्यांकी निर्माण र पानी प्रशोधन योजना, वडा नं ४, ५ का करिब ४,८७५ घरधुरी लाभान्वित हुनेगरी गोलढुंगा वृहत खानेपानी योजना, दातृ निकायसँगको सहलगानीमा तारकेश्वर नगरपालिका वडा नं. २ काभ्रेस्थलीमा खानेपानी लाईन

विस्तार गर्ने साथै नगरपालिकाको अन्य सबै वडाहरुमा खानेपानी आपूर्ति गर्न खानेपानी आयोजनाहरुलाई आवश्यक वजेटको व्यवस्था गरिएको छ।

**राजस्व प्रशासन नीतिः**

९. करको दर घटाउने दायरा बढाउने नीतिलाई अवलम्बन गर्न स्वेच्छिक सहभागिता सहितको करः आत्मनिर्भर उन्मुख नगर भन्ने मूल नारालाई साकार पार्न करदाता शिक्षा कार्यक्रमलाई थप व्यवस्थित गर्दै सबै नगरवासीलाई करको दायरामा ल्याउन अभिप्रेरित गरिनेछ।

१०. कर प्रशासनलाई दिगो र भरपर्दो बनाउन सूचना प्रविधिको उच्चतम् प्रयोग गरी आन्तरिक आय वृद्धिमा जोड दिईनेछ।

**शिक्षा नीतिः**

११. विद्यालयहरुको शिक्षक दरवन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाइने छ। साथै दरवन्दी मिलानको क्रममा शुन्य दरवन्दी भएका माध्यामिक विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान उपलव्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

१२. प्राथमिक तहको लागि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा निरन्तरता दिईनेछ एवं विभिन्न तहका विद्यालयहरुलाई सूचना तथा प्रविधिमैत्री वनाउन वजेटको व्यवस्थापन गरिएको छ। सामुदायिक विद्यालयहरूको बाल विकास केन्द्र (ECD) बाट प्रदान गरिने शिक्षण सिकाई क्रियाकलापलाई थप गुणस्तरीय बनाउन साथै सामुदायिक विद्यालयमा अध्ययनरत पठनपाठनमा कमजोर रहेका बालवालिकाहरुका लागि अतिरिक्त समयमा कक्षा संचालन गर्न विद्यालयहरुलाई थप बजेटको व्यवस्था गरिएको छ।

१३. तारकेश्वर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरू र सामुदायिक क्यासम्पसहरूबाट गुणस्तरीय शिक्षा उपलब्ध गराउन आवश्यक पर्ने भौतिक संरचना, भर्नादरलाई अभिवृद्धि गर्न यातायात सेवा लगायतका अन्य संरचना सुधारका लागि वजेटको व्यवस्थापन गरिएको छ।

१४. विद्यालय तहको सेवा प्रवाहलाई प्रभावकारी वनाउन र जवाफदेहीता सुनिश्चित गर्न कार्य सम्पादन व्यवस्थापन तथा विद्यालय सुधार कार्ययोजनामा आधारित लगानीको प्रावधान लागू गरिने छ।

१५. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाई सुनिश्चितताको लागि निरन्तर अनुगमन, मुल्यांकन र नियमनको पद्धति अवलम्बन गरिने छ।

१६. सामुदायिक विद्यालय र विद्यार्थी संख्याको आधारमा विद्यालय तह र कक्षा समायोजन गरिनेछ, बालविकास सहजकर्ता र शिक्षाक दरवन्दीलाई विद्यार्थी संख्या कक्षा र विषयका आधारमा मिलान गर्ने कार्यक्रमलाई निरन्तरता दिईएको छ।

१७. संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर कायम राख्न हाल सञ्चालित विद्यालयको विकास र विस्तारमा ध्यान दिदैं नयाँ सञ्चालन अनुमतिमा प्रोत्साहन गरिनेछैन।

१८. विद्यार्थीहरुको सर्वाङ्गिण विकास गर्न विद्यालय तहबाटै खेल संस्कृतिको विकास गरी विभिन्न किसिमका प्रतियोगितात्मक खेलकूद कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

१९. "शिक्षित नागरिक-सभ्य नगर" अभियान अन्तर्गत एक वडा एक सार्वजनिक पुस्तकालयका लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।

२०. "ज्येष्ठ सम्मान-ज्येष्ठ ज्ञान" कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नको लागि ज्येष्ठ नागरिक विद्यालय स्थापना गरी सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

२१. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न यस नगरपालिकाले नगरक्षेत्रभित्र रहेका ५०० भन्दा बढी विद्यार्थी संख्या भएका मा.वि. सामुदायिक विद्यालयहरुमा "एक विद्यालय एक नर्स" कार्यक्रमलाई विस्तार गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

२२. सामुदायिक विद्यालयका छात्राहरुलाई प्रत्यक्ष रुपमा लाभ पुग्ने स्यानीटरी प्याड वितरणको कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउन प्रविधिमा आधारित हस्तान्तरण र डिस्पोजेवल मेशिनको व्यवस्था गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

२३. विद्यालयको शैक्षिक गुणस्तरलाई थप अभिवृद्धि गर्न सरकारी निजी साझेदारी (Public Private Partnership) मा अगाडि बढाई शैक्षिक हवको रुपमा विकास गरिनेछ ।

## **खेलकूद नीतिः**

२४. खेलकूद क्षेत्रको विकासलाई नगरको चिनारीको रुपमा लिईने नीति अनुरुप चालु आ.व. २०७९।०८० मा नगरपालिकाद्वारा आयोजित प्रथम मेयर रनिङ्ग शिल्ड प्रतियोगिताको उपलब्धिलाई संस्थागत गर्दै यस्ता कार्यक्रमलाई थप प्रभावकारी र सुदृढ बनाउन आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

२५. खेलकूद क्षेत्रको पूर्वाधार विकासको लागि नगरस्तरीय खेलकूद मैदान निर्माण गर्न तारकेश्वर नपा ५ स्थित सुदर्शन स्मृति खेलकूद मैदान निर्माणको कार्यलाई पूर्णता दिईनेछ, साथै तारकेश्वर नपा ८ स्थित पिपलबोट डाँडागाउमा साथै वडा नं ३ मा अवस्थित रहेको डाँडागाउँ खेल मैदानलाई थप स्तरोन्नती गरिनेछ ।

## **स्वास्थ्य नीतिः**

२६. नगरवासीहरुको स्वास्थ्यलाई मध्यनजर गरी स्वास्थ्य बीमा नगर क्षेत्रभरि थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याईनेछ, नेपाल रेडक्रस सोसाईटी कालीमाटी शाखासँगको समन्वयमा हाल सुचारु भएको निःशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

२७. आधारभूत स्वास्थ्य सेवा, आयुर्वेद, योग र मानसिक स्वास्थ्य लगायत निरोधात्मक, प्रर्वद्धधनात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक सेवालाई एकीकृत रुपमा सञ्चालन गरी नगरबासीको स्वास्थ्य अवस्था सवल बनाउन आवश्यक कार्यक्रम तथा वजेटको व्यवस्था गरिएको छ।

२८. यस नगरपालिकाको सवै नगरवासीलाई विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन प्राथमिक स्वास्थ्य केन्द्र साङ्गलामा आवश्यक सबै स्वास्थ्य उपकरणहरु व्यवस्था गरी मृगौला डायलाइसिस सेवा उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था गरिएको छ।

२९. प्राथमिक स्वास्थ्य केन्द्र साङ्गलाबाट नगरवासीहरुलाई विगत देखि दिईदैं आएको प्रसुती सेवालाई थप प्रभावकारी बनाउन चालु आ.व. बाट सुचारु गरिएको शहरी स्वास्थ्य केन्द्र ९ लाई थप सुदृढीकरण गर्न आवश्यक व्यवस्था गरिएको छ।

३०. नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुको Prostate Gland को क्यान्सर Screening Camp तथा दीर्घ रोगी, शारीरिक रुपले असक्त व्यक्तिहरुलाई घर दैलोमा स्वास्थ्य सेवा उपलव्ध गराइनेछ।

३१. नगर उप-प्रमुखसँग महिला स्वास्थ्य कार्यक्रम अन्तर्गत महिलाहरुको प्रजनन स्वास्थ्य सेवा (पाठेघरको मुख र स्तन क्यान्सर (Breast Cancer Screening-VIA & PAP Smear) सम्बन्धी जनचेतना तथा परीक्षणको कार्यलाई निरन्तरता दिईनेछ।

३२. नगरवासीहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउन तारकेश्वर न.पा. ६ स्थित धर्मस्थलीमा नगरस्तरीय अस्पताल निर्माण गर्ने कार्यको थालनी गरिनेछ।

३३. विभिन्न समयमा फैलिने महामारीको रोकथाम तथा नियन्त्रण गर्न विपद् एवम् संक्रमणकालीन अवस्थामा तत्काल स्वास्थ्य विशेषज्ञ सहितको Rapid Response Health Team (RRHT) गठन गरी आवश्यक प्रशिक्षण दिई परिचालन गरिनेछ।

३४. हाल सञ्चालनमा रहेका स्वास्थ्य प्रयोशालाहरुलाई थप व्यवस्थित र सुदृढ गर्न भूगोल र जनसंख्याको आधारमा स्वास्थ्य प्रयोगशालाहरु एकीकृत गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३५. नगरपालिका अन्तर्गतका प्रसुती सेवा सञ्चालन भएका स्वास्थ्य केन्द्रहरुबाट प्रसुती तथा वर्थिङ्ग सेवा लिने महिलाहरुलाई प्रसुती पोषण कार्यक्रम वापत प्रतिव्यक्ति रु. ५,०००।- (पाँच हजार) र बच्चालाई न्यानो कपडा उपलब्ध गराईनेछ।

३६. नगरपालिकाका वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयमसेविकाहरुले मातृ शिशु सम्बन्धी लगायत अन्य स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै आगामी आर्थिक वर्षमा समेत प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**न्यायीक नीतिः**

३७. जनप्रतिनिधि एवम कर्मचारीलाई मौजुदा कानूनमा भएका व्यवस्थाहरुबारे क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ

३८. नगरपालिकालाई आवश्यक पर्ने कानून तर्जुमा र आवश्यकताअनुसार संशोधन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

३९. न्यायिक समितिमा दर्ता भएका विवादहरुलाई मेलमिलापको माध्यमद्वारा समाधान गर्न नगर र वडास्तरीय मेलमिलाप केन्द्र स्थापना गरी न्याय सम्पादन कार्यलाई थप प्रभावकारी बनाईनेछ।

४०. न्याय सम्पादनको क्रममा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति साथै महिला तथा बालवबालिकाहरुलाई प्राथमिकता दिइनेछ।

४१. विद्यालयका बालबालिकाहरुलाई घरेलु हिंसा, छुवाछुत, लैंगिक विभेद, साईबर क्राईम, लागू औषध दुर्व्यसनी कानून सम्बन्धी जानकारी एवं सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**पूर्वाधार नीतिः**

४२. "एक वडा एक सार्वजनिक शौचालय" अभियान स्वरुप बद्ढो शहरीकरणबाट सृजित वातावरणीय प्रदुषणलाई न्यूनीकरण गर्न, स्वच्छ वातावरण तथा स्वस्थ नागरिक अवधारणालाई मुर्त रुप दिन आवश्यक वजेट व्यवस्था गरिएको छ।

४३. नगरपालिकाको वित्तीय श्रोतको क्षमताभित्र रही नगरस्तरीय भौतिक पूर्वाधार विकास अन्तर्गत प्राथमिकताका आधारमा एक वडाबाट अर्को वडा जोड्ने मुल सडक तथा पुल, एक नपाबाट अर्को नगर जोड्ने मुल सडक तथा पुल, करिडोरका सडकहरुको मापदण्ड निर्धारण गरी वडाभित्रका मुल सडकहरुलाई क्रमागत रुपमा स्तरोन्नती एवं निर्माण गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

४४. नगरभित्रका सबै खोलाहरुमा मापदण्ड अनुसार रेखाङ्कन गरी प्राथमिकताका आधारमा करिडोर निर्माणसँगै उक्त सडक छेउमा ग्रीनवेल्टको अवधारण अनुरुप वृक्षारोपणको कार्यक्रमलाई अगाडि बढाइनेछ । साथै स्थलगत सर्वेक्षणका आधारमा आवश्यकता अनुसार नेपाल प्रहरीसँगको सहकार्यमा ट्राफिक लाईट, सडक बत्ती, सि.सि. क्यामरा जडान गरिने छ।

४५. सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी नगर क्षेत्र भित्रका सरकारी, सार्वजनिक, पर्ति जग्गाहरुको नापनक्सा तथा सिमांकन सहितको अभिलेख राखी संरक्षण गर्न आवश्यक वजेट विनियोजन गरी निरन्तरता दिईनेछ ।

४६. "हाम्रो रहर-उज्यालो नगर" अभियान अनुरुप नगरपालिका क्षेत्रभित्रको अव्यवस्थित रुपमा रहेका विद्युतका पोलहरु लगायत खुल्ला रुपमा रहेका तारहरु व्यवस्थित गरी सडक सौर्य वत्ती, सडक वत्ती जडान गर्न नेपाल विद्युत प्राधिकरण लगायत सम्बन्धित निकायहरुसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

४७. नगरपालिका क्षेत्रका वन, जलाधार एवम् हरियाली क्षेत्रको संरक्षण र विकास गरिनेछ साथै पोखरीहरुको प्रवर्द्धन गरी पुर्नभरण कार्यलाई अगाडि बढाइनेछ ।

४८. पूर्वाधार विकासका क्रियाकपालहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यन्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा लागत अनुमान गर्ने व्यवस्था मिलाईने छ ।

४९. नगरको विकासमा नगरवासीहरुलाई थप अपनत्व कायम राख्ने नीति अनुरुप उपभोक्ता समिति, टोल विकास संस्था र अन्य संस्था मार्फत सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुमा उपभोक्ताको योगदान कुल लागत अनुमान रकमको २० प्रतिशत कायम गरिनेछ साथै अन्य खानेपानी, मुहान संरक्षण, धर्म संस्कृति, सिंचाइ सम्बन्धीका कार्यहरुमा भने उपभोक्ताको योगदान कुल लागत अनुमानको १० प्रतिशत कायम गरिनेछ ।

५०. निर्माण कार्यमा थप गुणस्तर कायम गर्ने नीति अनुरुप उपभोक्ता समिति, टोल विकास संस्थाले सडक कालोपत्रे, पुल पुलेसा, भवन संरचना निर्माणमा पूर्णतः रोक लगाईनेछ ।

५१. नगरपालिकाको आवसीय क्षेत्रलाई सुव्यवस्थित शहरीकरणको लागि काठमाडौं उपत्यका विकास प्राधिकरणसँग सहकार्य र समन्वयमा क्षेत्रगत रुपमा भूगोलको अध्ययन गरी Land Pooling (जग्गाको एकीकृत विकास) कार्यलाई अगाडि बढाईनेछ।

**विपद्, वातावरण तथा फोहोरमैला व्यवस्थापन नीतिः**

५२. विपद् व्यवस्थापनका लागि जोखिम ठाउँहरुको नक्शाङ्कन सहितको विपद् पुर्वतयारी कार्ययोजना निर्माण पश्चात् उद्धार, राहत र पुर्नस्थापना कार्यलाई प्रभावकारी तुल्याईनेछ।

५३. नगर क्षेत्रको फोहोरमैलालाई व्यवस्थापन गर्दै आन्तरिक कर प्रशासनमा जोड्न आवश्यक कार्यको थालनी गरिनेछ।

५४. अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिसँगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरुलाई ढलमुक्त बनाउन Sanitational Treatment Plant स्थापना गर्नका लागि आवश्यक पहल गरिनेछ।

५५. नगर क्षेत्रभित्रबाट निकासी हुने ढुङ्गा, माटो, गिटी, बालुवा लगायतका निकासीजन्य प्रशोधन केन्द्रहरुलाई संघ, प्रदेश तथा स्थानीय सरकारले तोकेको प्रचलित कानूनको अधिनमा रहेर मात्रै सञ्चालन गर्न दिईनेछ।

५६. स्थानीय खोलाहरुबाट नदीजन्य पदार्थ बालुवा, गिटी, ढुङ्गा, अनधिकृत रुपमा हुने चोरी निकासी नियन्त्रण गर्न व्यवस्थापकीय पक्षलाई सुदृढ गरिनेछ।

**धर्म, संस्कृति तथा पर्यटन नीतिः**

५७. नगरपालिका क्षेत्रभित्र रहेका तारकेश्वर मन्दिर, शान्तिधाम, पाँचमाने, भुवनेश्वरी, पुरानो गुह्येश्वरी, महाँकाल, मनमैजु, फुटुङ्ग नारायणी, बौडेश्वर लगायतका देवस्थलहरुलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

५८. नगरपालिका क्षेत्र भित्रका प्राकृतिक मनोरम स्थानहरु, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, संरक्षण र विकासका लागि आवश्यक पर्यटन पूर्वाधार क्षेत्रको प्रर्वद्धन गर्न खुल्ला चिडियाखाना, मनोरञ्जन पार्क (Amusement Park) को अतिरिक्त एक वडा एक पार्क, पिकनिक स्पोट, बन्जिजम्प, जिपलाईन, केबुलकार लगायतका कार्यक्रमहरु निजीक्षेत्र समेतको सहकार्य र सहलगानीमा सञ्चालन गरिनेछ।

५९. धार्मिक, साँस्कृतिक परम्परा अनुसार स्थानीयस्तरमा मनाउँदैं आएको जात्रा, मेला, उत्सव तथा पर्वहरु, बाजा-गाजाको जगेर्ना गर्न र दिगो व्यवस्थापनको लागि गुठी कोष स्थापना गरी सोही कोषको कार्यविधि अनुसार धर्म संस्कृतिको रक्षा र संरक्षणको व्यवस्था मिलाईनेछ।

**आर्थिक विकास नीतिः**

६०. सहकारी सम्बन्धी आवश्यक ऐन, नियम र कार्यविधिहरु निर्माण गरी संस्थागत सुशासन कायम गरिनेछ।

६१. स्थानीय रोजगारका अवसरहरु सिर्जना गर्न श्रमिक सहायता कक्षको स्थापना गरी आर्थिक विकास र गरिबी न्यूनीकरणमा निजी क्षेत्रहरुसँग सहकार्य गरिनेछ।

६२. बजारको माग, श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम विकास तथा रोजगारमूलक तालिमहरु (ईलेक्ट्रेसियन, प्लम्बिङ्ग, कफी बनाउने, बेकरी, ड्राईभिङ अन्य हस्तकला आदि) सञ्चालन गरिनेछ।

६३. युवा उद्यमशीलता वृद्धिका लागि Startup Business सञ्चालन गर्न Innovative Business Plan लाई सहयोग तथा प्रोत्साहन गरिनेछ।

६४. कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादनमा वृद्धि गर्न अनुदानमा आधारित उन्नत बिउ विजन वितरण, कृषि मेशीनरी औजारहरु वितरण, कृषकहरुको व्यावसायिक क्षमता विकास लगायतका कार्यलाई निरन्तरता दिदैं कौशी तरकारी खेतीलाई समेत प्रोत्साहन गरिनेछ।

६५. कृषि तथा पशु बीमा गर्न प्रोत्साहन गरिने र छाडा (खुल्ला रुपमा) छोडिएका चौपायाहरु व्यवस्थापन गरिने छ।

६६. स्थानीय स्तरमा उत्दपादित कृषि उपजहरुको उचित बजारीकरण र व्यवस्थापनको लागि तारकेश्वर नगरपालिका ५ स्थित कृषि उपज बजार केन्द्र सञ्चालनमा ल्याईनेछ।

६७. नगरपालिकामा उत्पादित स्थानीय मौलिक उत्पादनहरुलाई बजारीकरण र प्रवर्द्धन गर्न नगरस्तरीय **एक कोशेली घर** सञ्चालनमा ल्याईनेछ।

## सूचना प्रविधि नीतिः

६८. Geographical Information System (GIS)का आधारमा नगरपालिकाभित्र रहेका घरहरुको डिजिटल म्यापिङ्ग गरी स्मार्टपालिकाको अवधारणा अनुसार नगरवासीहरुलाई दिईदैं आएको डिजिटल तथा अनलाईन सेवालाई थप सुदृढ गरिनेछ।

६९. सेवाग्राहीहरुले नगरपालिका कार्यालयबाट लिने सेवा सुविधालाई थप व्यवस्थित गर्न एकद्धार सेवा प्रणाली साथै निःशुल्क टोल फ्रि नम्बर मार्फत प्राप्त जिज्ञासा, गुनासो तथा अनलाईन मार्फत

कार्यालयमा प्राप्त हुने सूचनाहरुलाई तत्कालै कार्यालयबाट सम्बोधन हुने कार्यलाई निरन्तरता दिईएको छ।

७०. नगरपालिका कार्यालय, वडा कार्यालयहरु लगायत अन्य सार्वजनिक स्थानहरुमा आवश्यकताका आधारमा Free Wifi जडान गरी सूचना प्रविधिको उच्चतम् प्रयोग गरी सेवा प्रवाहलाई सरल र सहज तुल्याईनेछ।

७१. सडक दुर्घटना कम गर्न, अपराधिक घटनाहरु न्यूनीकरण गर्न अपराध अनुसनधानलाई सहयोग गर्ने उद्धेश्यले नगरको सुरक्षा संवेदनशीलताका आधारमा नेपाल प्रहरीको सहकार्यमा सिसी क्यामेरा जडान कार्यलाई प्राथमिकता दिईनेछ।

**संस्थागत सेवा प्रवाह तथा सुशासन नीतिः**

७२. नगरपालिका र मातहतका निकायहरुबाट छिटो छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी तवरले सेवाप्रवाह र विकास कार्य सञ्चालन गर्न गराउन आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई वित्तीय अनुशासन कायम गरिनेछ।

७३. तारकेश्वर नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधिहरु र मापदण्डहरु बनाउनका लागि कानून निर्माणको वर्षको रुपमा लिईनेछ।

७४. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेख अद्यावधिक गरी सो भत्ता वितरण प्रणालीमा लक्षित वर्गको पहुँचलाई सहज बनाइने छ। बैंक सम्म जान नसक्ने लाभग्राहीहरुलाई घर दैलोमा सामाजिक सुरक्षा भत्ता पुर्याउने व्यवस्था मिलाइने छ।

७५. नगरपालिका र अन्तर्गतका निकायका काम कारवाहीहरुमा र पदाधिकारी एवम् कर्मचारीहरुको आचरण, व्यवहार र कार्यशैलीमा कानूनी शासनको मान्यता अनुरुप पारदर्शिता, खर्चको मितव्ययीता र जवाफदेहिता कायम गर्दै भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गरिनेछ।

७६. तारकेश्वर नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण जग्गाहरुको भू-उपयोग ऐन र नियमावली अनुसार वर्गीकरण गरी Digital Mapping का आधारमा कित्तागत अभिलेख व्यवस्थित गरिनेछ।

७७. तारकेश्वर नगरपालिका प्रवेशद्धार नेपालटारमा Automatic Vehicle Detection and Monitoring System जडान गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

७८. नगरपालिका तथा वडा कार्यालयहरु समेतको सुरक्षाको लागि २४ सै घण्टा पाले पहरा राख्ने कार्यलाई निरन्तरता दिईएको छ।

७९. नगरपालिकालाई देश तथा विदेशमा परिचित गराउने र असल अभ्यासहरु आदानप्रदान गर्ने उद्धेश्यले विकसित राष्ट्रका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध कायम गरिनेछ।

८०. उपभोक्ता हित संरक्षण गर्ने उद्धेश्यले बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ।

८१. नगरपालिका क्षेत्रमा हालसम्म निर्मित सार्वजनिक सामुदायिक भवनहरुको आवश्यक अभिलेखांकन गरी आवश्यक मात्रामा अन्य महिला सामुदायिक भवन निर्माण गरिदैं लगिनेछ।

८२. नगरपालिकाको नीति, योजना, वजेट तथा कार्यक्रम कार्यान्वयन लगायत सम्पूर्ण कार्यहरु सम्पादनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization Management Survey, O & M Survey) गरी नगरको कार्य सम्पादनको स्तर सुधार गरिनेछ।

८३. नगरका योजना तथा कार्यक्रमलाई योजनागत विकासको अवधारणा बमोजिम सञ्चालन गर्न आवधिक योजना निर्माण गरिएको र सोही योजनाका आधारमा आगामी दिनहरुमा जनताले

प्रत्यक्ष अनुभूत गर्ने खालका (Visible Plan & Programme) नीति तथा कार्यक्रमहरु निर्माण तथा सञ्चालन गरिनेछ।

**सामाजिक समावेशीकरण नीतिः**

८४. महिला, एकल महिला तथा दलित महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि समुह, समिति, संस्था गठन, परिचालन, नेतृत्व सचेतना र आयमूलक कार्यक्रमको साथै विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै महिलाहरुको लागि व्यवसायिक विकास कार्यक्रम सञ्चालन गरी महिला उद्यमशिलता प्रवर्द्धनमा विशेष जोड दिईनेछ।

८५. लैङ्गिक हिंसा, घरेलु हिंसा, महिला हिंसा लगायत सबै किसिमका हिंसा विरुद्ध विभिन्न सरोकारवाला समेतको सहभागितामा कार्यक्रमहरु सञ्चालन गरी हिंसामुक्त समाज निर्माण गरिनेछ।

८६. बालअधिकारको प्रत्याभूतिको लागि नगरपालिकाभित्र बालबालिका सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन तथा बालक्लब गठन, बालगृहहरुको अनुगमन, विपद् परेका बालबालिकाहरुको संरक्षण, संकट उन्मुख बालबालिकाको पारिवारिक पुर्नस्थापना कार्यलाई निरन्तरता दिईनेछ साथै बालमैत्री नगर घोषणाका लागि आवश्यक कदम चालिने छ।

८७. नगरपालिका भित्र वसोवास गर्ने राजनीतिज्ञ, समाजसेवी, विद्धान, बुद्धिजिवी, शिक्षक, प्राध्यापक, प्रशासक, विशेषज्ञ एवम पूर्व राष्ट्रसेवकहरुको सिर्जनात्मक सल्लाह सुझावलाई ग्रहण गरी नगर विकासमा उपयोग गरिनेछ।

सभाध्यक्ष महोदय,

८८.आगामी आर्थिक वर्षमा सञ्चित कोष तर्फ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान २० करोड ४७ लाख, संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान ३३ करोड ८७ लाख, संघीय सरकारबाट प्राप्त हुने समपूरक अुनदान १ करोड ४० लाख, संघीय सरकारबाट प्राप्त हुने विशेष अुनदान १ करोड, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत रकम ५५ करोड संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड (भ्याट र अन्त-शुल्क) वापतको रकम ११ करोड २९ लाख ३१ हजार, बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान २ करोड २५ लाख ६८ हजार, बागमती प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान २ करोड १४ लाख १२ हजार, बागमती प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अुनदान १ करोड, बागमती प्रदेश सरकारबाट प्राप्त हुने विशेष अुनदान १ करोड, बागमती प्रदेश सरकारबाट राजश्व बाँडफाँड बापत प्राप्त हुने ४ करोड ५५ लाख ३५ हजार ५ सय ८५ र नगरपालिकाको विभिन्न शीर्षकबाट प्राप्त हुने आन्तरिक आय समेतबाट प्राप्त हने ३० करोड ५७ लाख ९१ हजार, अन्य आयबाट ८ करोड ६५ लाख ७४ हजार, अन्य स्थानीय तहबाट ३ करोड र नगद जनसहभागिता ४ करोड गरी कुल १ अर्ब ८० करोड २२ लाख १२ हजार आम्दानी हुने अनुमान गरिएको छ । त्यस मध्ये संचित कोषमा चालु तर्फ ६३ करोड ४१ लाख १२ हजार (३५.१९ प्रतिशत) र पूँजीगत तर्फ १ अर्व १६ करोड ८१ लाख (६४.८१ प्रतिशत) मात्र गरी कुल खर्च १ अर्ब ८० करोड २२ लाख १२ हजार व्यय अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

८९.यो नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा स्थानीय सरकारलाई सवैबाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु । नगरको समग्र विकासमा देखाउनु भएको चासो र सुझावको लागि आ-आफ्नो क्षेत्रवाट रचनात्मक सुझाव र सहयोग पुर्याउनु हुने नगर सभाका सदस्यज्यूहरु, विषयगत समितिहरु, राजनीतिक दलहरु, अर्थविद्, निजी क्षेत्र, सहकारी क्षेत्र, शुभेच्छुक महानुभावहरु,

सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु, सञ्चारकर्मीहरु तथा नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । वजेट कार्यान्वयनका लागि आगामी दिनहरुमा यहाँहरुको पूर्ण सहयोग, साथ र सहभागिताको अपेक्षा गर्दै सबल, समृद्ध र न्यायपूर्ण समाज निर्माणमा सहभागी हुने आशा गर्दछु ।

श्री सृजना बुर्लाकोटी अर्याल

नगर उप-प्रमुख

मिति २०८० असार १० गते, आईतबार ।

धन्यवाद, जय नेपाल ।